# हदवबन्दी

(भूमिअधिकारबारे पढ्ने सामग्री - ४)




- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## भूमिको असमान वितरण

हदबन्दी भन्नाले कुनै पनि कुराको सीमा निर्धारण बुझिन्छ। जग्गा-जमिनको सवालमा हदवन्दीको अर्थ कसले कतिसम्म जग्गा राख्न वा भोगचलन गर्न पाउने भन्ने हुन्छ।

नेपाल कृषिप्रधान देश हो। त्यसैले यहाँका धेरै मानिस कृषिमा नै आश्रित छन्। तर कृषि कर्म गरिने जमिन भने जो खेती गर्दैन, उसको स्वामित्वमा बढी छ। खेती गर्नेको अधिनमा जमिन नहुने र जमिन हुनेले खेती नगर्ने परिपाटी नेपालमा धेरै पहिलेदेखि विद्यमान छ। एक तथ्यांकअनुसार नेपालका तल्लो तहका गरीब ४० प्रतिशतले ९ प्रतिशत मात्र जमीन भोग गर्न पाएका छन्। तर अर्को एक प्रतिवेदनअनुसार माथिका ७ प्रतिशतले भने झण्डै ५२ प्रतिशत जमीन ओगटेका छन्।

### नक्कली सम्बन्ध विच्छेद

*तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५८ साउन ३० गते हदबन्दी लगाउने घोषणा गरेका थिए। त्यसको लगत्तै भदौ ६ गते बाँके, वनकट्टीकी प्रेमपति कुर्मिनीले आफ्नै श्रीमान्विरुद्ध सम्बन्ध विच्छेदको मुद्दा जिल्ला अदालतमा दर्ता गराइन्। यसको एउटै कारण थियो- सम्बन्ध विच्छेद भएपछि श्रीमान्ले उनलाई अंश दिनुपर्थ्यो र बढी जमिनमा हदबन्दी लागेर सरकारले जफत गर्ने थिएन। यो नक्कली मुद्दा दर्ता गराउन श्रीमान्-श्रीमती नै खुशीसाथ अदालत पुगेका थिए।*

यसरी मुलुकका सबै जनताको जीविकोपार्जन गराउन सक्नुपर्ने



जमिन केही सीमित व्यक्तिको हातमा मात्र पुग्नुमा हाम्रो मुलुकमा विद्यमान शासन व्यवस्थाको प्रमुख हात छ। जहानिया र हुकुमी शासनमा चल्दै आएको यहाँको व्यवस्थाले जमिनलाई पनि शासककै सम्पत्ति ठान्ने मानसिकता बनाइदिएको थियो। त्यसैले शासकहरुले मन परेका व्यक्ति, परिवार वा सामन्तलाई पुरस्कारस्वरुप वा खुशी भएर दिने वस्तु जमिन थियो।

यही कारण नेपालको भूमि सबैजसो शासक, उनका भाइ/भारदार, सामन्त तथा विर्तावालको अधिनमा थियो। जमिनको यो असमान वितरणले बाँकी जनता दिनरात घोटिने तर आफैंलाई खान धौ धौ पर्ने अवस्थाबाट गुज्रिरहेका थिए। तर पनि जमिन प्रकृति प्रदत्त उपहार हो र यसमा सबैको उत्तिकै हक लाग्छ भन्ने जानकारीबाट उनीहरुलाई शासकहरुले सधैं छायामा राखे। जसका कारण जमिन शासक, उनका वरपरका मानिस र सामन्तहरुकै हो र अरुले चाहिँ खेति गरिदिने मात्र हो भन्ने भ्रम उनीहरुलाई थियो।

### हदबन्दी किन ?

समय सधैं एकनाशले घुम्दैन। विशेषगरी २००७ सालमा प्रजातन्त्र आएपछि जनतामा अधिकारबारे चेतना वृद्धि भयो। अधिकार दाबी गर्नेका लागि पहिलेभन्दा वातावरण सहज पनि बन्यो। त्यसैले जमिनको असमान वितरणबारे बुझ्न सकेका जनताले ठाउँठाउँमा यसबारे गुनासो र असन्तुष्टि व्यक्त गर्ने कार्य शुरु भयो।

यसपछिका वर्ष मुलुकमा स्थिर शासन व्यवस्था कायम रहिरहन सकेन।



पटक पटक फेरिने सरकारहरुले यस्तो अवस्थाबीच कुनै ठोस कार्यक्रम र निर्णय दिने सम्भावना पनि थिएन । राणा, राजनीतिक दलहरु तथा दरबारबीच समझदारी हुन नसक्नाले अन्य क्षेत्र जस्तै जग्गा जमिनको क्षेत्रमा पनि गन्जागोल अवस्था थियो ।

यत्तिकैमा नेपालमा पंचायती व्यवस्था ल्याइयो । पंचायती व्यवस्थाले त्यतिबेला सबै क्षेत्र र तहका जनतालाई रिझाएर शासन धेरै वर्ष टिकाउने रणनीति लिएको थियो । त्यसैले असन्तुष्ट जनतालाई खुशी पार्दै उनीहरुको माग पूरा गराइदिने र यो व्यवस्थामा समाहित गराउने सोच पंचायतको थियो ।

जमिनको असमान वितरणका कारण रुष्ट बनेका जनतालाई पनि पंचायतले आफ्नो समर्थक बन्न सक्ने गतिलो जमात ठान्यो । यो जमातलाई खुशी पार्ने उद्देश्ले २०२१ सालमा भूमिसम्बन्धी ऐन ल्याइएको थियो । जसका केही प्रमुख उद्देश्यमध्ये एउटा हदवन्दी पनि थियो । भूमिसुधार गर्ने प्रमुख उद्देश्यले जारी गरिएको यो ऐनले हदबन्दीलाई भूमिसुधारकै एउटा गतिलो अंगका रुपमा अघि सारेको थियो । कृषियोग्य भूमिको न्यायोचित वितरण गर्ने र जनताबीच आर्थिक समानता कायम गर्ने सोचले हदबन्दीलाई यो ऐनमै समावेश गरिएको थियो ।

### जो अगुवा उही बाटो...

*२०५८ भदौ ६ गते नै नेपाली कांग्रेसका नेता सुशील कोइरालाका भाइ डा. अरूण कोइराला र उनकी श्रीमती किरणविरूद्ध उनीहरूका छोराले अंश मुद्दा दर्ता गराए । हदबन्दी लागेर जग्गा नखोसियोस् भनेर छोराले जग्गा बचाउने उद्देश्यले यसरी सल्लाहबमोजिम नै मुद्दा हालेको थिए । यो दिन मात्र बाँके जिल्ला अदालतमा 31 वटा यस्ता मुद्दा दर्ता भएका थिए । नियममा १६ वर्ष पुगेको छोरा र ३५ वर्ष पुगेकी अविवाहित छोरीले बाबुसँग अंश दाबी गर्न पाउँछन् ।*

हदबन्दीको मुख्य उद्देश्य कानूनले निर्धारण गरेको भन्दा बढी जमिन राख्नेसँग खोसेर भूमिहीन तथा सुकुम्बासीलाई उपलब्ध गराउनु हो । विविध कारणले जमिनमाथि स्वामित्व कायम गर्न नसकेका भूमिहीनले यही कारण राज्यद्वारा वितरित सुविधा पाउन सकेका छैनन् । उनीहरु भूमि



नभएकै कारण हरेक क्षेत्रमा पछाडि पारिएका छन् । त्यसैले जमिनको न्यायोचित वितरण गर्ने र भूमिहीनलाई पनि जमिनमा पहुँच पुऱ्याउने उद्देश्यले नेपालमा हदबन्दी कार्यक्रम लागू हुँदै आएका पाइन्छन् ।

## कस्तो थियो हदबन्दी व्यवस्था ?

भूमिसम्बन्धी ऐन २०२१ को दफा ७ (१) मा उल्लेख भएअनुसार कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले भित्री मधेशसमेत तराइमा २५ विघा, काठमाडौं उपत्यकामा ५० र अन्य सबै पहाडी क्षेत्रमा ८० रोपनीसम्म जमिन राख्न पाउने सीमा तोकेको थियो । यसबाहेक घरबारीका लागि भनेर तराइमा ३ विघा, काठमाडौंमा ८ रोपनी र पहाडी इलाकामा १६ रोपनी थप जमिन पनि राख्न पाउने व्यवस्था यो ऐनले गरेको छ ।

यो ऐनले मोहीले पनि यतिभन्दा बढी कमाउन नपाउने भनेर सीमा तोकिदिएको छ । जसअनुसार कुनै व्यक्ति वा उसको परिवारले काठमाडौं उपत्यकामा १० रोपनी, तराइमा ४ विघा र पहाडी क्षेत्रमा २० रोपनीसम्म जमिन मात्र मोहीको हिसावले कमाउन पाउने व्यवस्था गरेको छ ।

## हदबन्दीका अरू प्रयास

बेलाबखत सरकारहरुले भूमिसुधारका नाममा हदबन्दीलाई प्राथमिकता दिँदै आएका देखिन्छ । यस क्रममा २०४९ सालमा तत्कालीन भूमिसुधार मन्त्री जगन्नाथ आचार्यले लागू गर्न खोजेको हदबन्दी कार्यक्रमले निकै चर्चा पाएको थियो । तर निकै क्रान्तिकारी कदम ठानिएको यो कार्यक्रम उनकै पार्टी नेपाली कांग्रेस, यही पार्टीको सरकार तथा सरकारमै सामेल मन्त्रीसम्मले असहयोग गरेका कारण सफल हुन सकेन ।

उल्टै यस्तो कार्यक्रम लागू गर्न खोजेका कारण आचार्यलाई सरकारमा बस्नै नसक्ने अवस्था सिर्जना गरियो, जसका कारण उनी राजिनामा दिन बाध्य भए । नेपाली कांग्रेसले भन्दै आएको जसको जोत, उसको पोत तथा कांग्रेसकै घोषणापत्रमा उल्लेख भएका बुँदालाई लागू गर्न खोजेकै कारण जगन्नाथ आचार्य मन्त्रीबाट मात्र हटेनन्, उनलाई अन्ततः पार्टीमा समेत बस्न नसक्ने अवस्था सिर्जना गरियो ।

२०५८ साउनमा फेरि प्रधानमन्त्री शेरबहादुर देउवाले हदबन्दी कार्यक्रम घोषणा गरे । उक्त घोषणाले पनि बरु सरकार नै डगमगायो तर कार्यक्रम

लागू हुने छाँट आएन । देउवाकै पार्टी नेपाली कांग्रेसका शक्तिशाली नेतादेखि मन्त्रीसम्मले उनलाई सहयोग गरेनन् । जगन्नाथ आचार्यकै ताल हुने निश्चित भएपछि देउवा नै विस्तार यसबाट पछि हट्दै गए ।

हदबन्दीका यी दुई चर्चित प्रकरणबाहेक अन्य बेला पनि छिटफुटरुपमा हदबन्दीका कार्यक्रम ल्याउने र केही समय माहोल तताउने काम भएको छ तर व्यवहारिकरुपमा भने यसले कहिले पनि सफलता पाउन सकेको छैन । २०२१ सालदेखि २०२३ सालसम्म तीन चरणमा हदबन्दीभन्दा बढी जग्गा जफत गर्ने कार्य थालिएको थियो । जसबाट राज्यलाई ४७ हजार ८ सय ५ विघा ४ कठ्ठा जमिन प्राप्त भएको थियो । यो आशा गरिएभन्दा निकै कम परिमाण थियो ।

### सांसद पनि के कम ?

*दाङ क्षेत्र नं. ४ का सांसद गेहेन्द्र गिरीले २०५८ भदौ १० गते आफ्ना बाबु देवीप्रसाद गिरीविरुद्ध अंश मुद्दा हाले । हदबन्दी लागू भइहाल्छ र जमिन खोसिन्छ भनेर उनले नक्कली झगडाका आधारमा मुद्दा दर्ता गराएका थिए । उनले मुद्दा हालेकै दिन देखासिकीमा दाङ जिल्ला अदालतमा ८७ मुद्दा हालिएका थिए ।*

## किन लागू हुन सक्दैन हदबन्दी कार्यक्रम ?

नेपालको शासन व्यवस्था जहिले पनि केही व्यक्तिको हुकुमी रवाफमा सीमित रह्यो । नियम, कानून, शासकीय मान्यता तथा प्रक्रियाले यहाँ कहिले पनि शासन चलाइएको छैन । यस्तो अवस्थाले केही व्यक्तिलाई हात लिई अरुलाई सधैं तल पार्ने प्रक्रिया नै विकास गऱ्यो । शिक्षालगायत्का सुविधा यही वर्गले पायो, अनि टाठाबाठा भएकाले शासन सत्ता र नीति निर्णय तहका हरेक माथिल्ला पदमा यिनैलाई पुऱ्याइयो । जो स्थानीय स्तरमा सामन्त कहलिएको छ वा जसको निर्देशनमा समाज चल्न बाध्य भएको छ, उसैले राज्यका स्रोतहरु बाँडचुँड गर्ने डाडु पन्युँ सम्हाल्ने जिम्मा पायो ।

यही कारण सकेसम्म भूमिसुधार गर्ने, हदबन्दी लागू गर्ने जस्ता कुरामा कर्मचारीतन्त्र तथा शासन सत्ताको माथिल्लो निकायले कहिल्यै पनि सोच्न चाहेन । व्यापक जनदबाव, शासन जोगाउन केही गर्नैपर्ने जस्ता अवस्थामा



मात्र उनीहरु यसतर्फ केही गर्न बाध्य भएका देखिन्छन् । तर त्यतिबेला पनि कि उनीहरुले आफ्नो बचावका लागि घोषणा, कानून वा योजनामा केही कमजोरी राखेका पाइन्छन् भने कि त यसलाई लागू हुनै नसक्ने अवस्था सिर्जना गरेर प्रस्तुत गरेको पाइएको छ ।

एकातर्फ जग्गा जमिनको एकिन लगत नै सरकारसँग छैन भने भएका हदबन्दी कार्यक्रम पनि चरणबद्धरुपमा लागू गरिए । यस्तो अवस्थाले जमिनदारहरुमा जमिन लुकाउने पर्याप्त समय मिल्यो । अर्कोतर्फ जमिन्दारसँगै मिलेर काम गर्दा कर्मचारीलाई पनि फाइदा हुने भएकाले उनीहरु सरकारभन्दा जमिनदारप्रति बढी बफादार हुन चाहे । जस्तो पनि अर्थ लगाउन मिल्ने परिवारको परिभाषाले पनि जमिनदारलाई हदबन्दी भन्दा बढी जमिन लुकाउने अवस्था सिर्जना गऱ्यो ।

### हदबन्दीबाट प्राप्त जमिन

| *विकास क्षेत्र* | *जिल्ला* | *जफत जमिन (विघा)* |
| --- | --- | --- |
| पूर्वाञ्चल | ३ | ६३२२-१-१५ |
| मध्यमाञ्चल | ३ | ३१८५-२-१ |
| पश्चिमाञ्चल | ३ | ३५१८-११-८ |
| मध्यमाञ्चल | ३ | ३१५१५-९-० |
| सुदूरपश्चिमाञ्चल | २ | ३२६३-१९-१६ |

देउवा सरकारले पछिल्लो पटक लागू गर्न खोजेको हदबन्दी कार्यक्रमताका परिबारको परिभाषामा कर्मचारीले गलत मनसाय भित्र्याए, जुन कार्यक्रम अत्याधिक विवादमा आउनुको कारण नै यही बन्यो । परिबारको गलत परिभाषाका कारण श्रीमती, छोरा, छोरी आदिले बाबुविरुद्ध अंश मुद्दा दायर गर्ने होड मुलुकभर चल्यो । रातारात पारिवारिक विखण्डनको नाटक रचियो र अदालतहरु मुद्दा बुझेर नभ्याउने अवस्थामा पुगे । मन्त्री, उच्चस्तरीय कर्मचारी आदिसमेतमा यस्तो देखियो । जुन कर्मचारीतन्त्रकै कमाल थियो । यसले पनि सामन्ती संस्कार बोकेका उच्च पदासीन कर्मचारी मुलुकमा साँच्चै भूमिसुधार हुन दिँदैनन् भन्ने प्रष्टिन्छ ।

२०२१ सालको ऐनपछि गरिएका हदबन्दी कार्यक्रम सफल हुन नसक्नुमा एउटा अर्को कारण पनि जोडिएको छ । त्यो हो- त्यतिबेला भूमिसुधार

अधिकारी अहिले जस्तो सरकारी कर्मचारी नभई राजनीतिक नियुक्तिको व्यक्ति हुने चलन थियो । व्यवस्थाका उच्च तहमा रहेकाहरुले भूमिसुधार पदाधिकारीसँग मिलेमतो गरी सबै कागजात मिलाएर आफ्नो हदबन्दीभन्दा बढीको जमिन सुरक्षित गरेका थिए । त्यसैले यतिबेला हदबन्दीबाट बिक्री गर्न कुल जमिनको ३ प्रतिशत मात्र प्राप्त हुन सक्यो, जुन अपेक्षाभन्दा निकै कम थियो ।

## हदबन्दी हुन नसक्दाका परिणाम

एकातर्फ थोरै मानिससँग धेरै जमिन छ भने अर्कोतर्फ लाखौं व्यक्तिसँग घडेरी उभ्याउने जमिन पनि छैन । पछिल्लो जनगणना २०५८ अनुसार नेपालका करिब २५ प्रतिशत जनतासँग खेती गर्ने जमिन नै छैन । यस्तो अवस्थामा मोही, जोताहा र सुकुम्बासीमाथि सोझै अन्याय भइरहेको छ । प्रकृति प्रदत्त भइकन पनि कसैले शासकलाई रिझाएको भरमा सयौं विघा जमिनको मालिक हुन पाउने र कसैलाई भने चौबीसै घन्टा जोतिँदा पनि खान नपुग्ने अवस्था छ । यसले धनी र गरीब, भूमिहीन र भूमिपति, शासक र शाषित जस्ता वर्गबीच खाडल ठूलो बनाएको छ ।

| हदबन्दी व्यवस्था | | | | | | |
|---|---|---|---|---|---|---|
| क्षेत्र | २०२१ साल | | | २०५८ साल | | |
| | जग्गाधनी | | मोही | जग्गाधनी | | मोही |
| | खेती | घरघडेरी | खेती | खेती | घरघडेरी | खेती |
| तराइ क्षेत्र | २५ विगाहा | १ विगाहा | ४ विगाहा | १० विगाहा | १ विगाहा | ४ विगाहा |
| पहाडी क्षेत्र | ८० रोपनी | १० रोपनी | २० रोपनी | ७० रोपनी | ५ रोपनी | २० रोपनी |
| काठमाडौं उपत्यका | ५० रोपनी | ५ रोपनी | १० रोपनी | २५ रोपनी | ५ रोपनी | १० रोपनी |

२०२१ सालमा ल्याइएको भूमिसुधार कानूनले हदबन्दीमार्फत् यस्तो खाडल पुर्ने र शोषणरहित समाज सिर्जना गर्ने परिकल्पना गरेको थियो । तर कार्यक्रम कार्यान्वयन हुन नसक्दा यो खाडल जारी छ, जसले मुलुकमा असन्तुष्टिमार्फत् द्वन्द्व निम्त्याउन मात्र मद्दत गरेको छ ।

खेती गर्नेसँग जमिन नहुने र जमिन हुनेले खेती नगर्ने भएकाले धेरै जमिन बाँझै छ । अर्कोतर्फ खेती भएको जमिनमा पनि क्षमताअनुसारको उत्पादन हुन सकिरहेको छैन । उब्जाउ भएको अन्न जति जमिनदारलाई बुझाउनुपर्ने



र आफ्नो हैसियत सधैं दरिद्र नै रहने कारण उत्पन्न निराशाले जोताहाले पर्याप्त ध्यान नदिँदा उत्पादनमा ह्रास आइरहेको छ । यस्तो अवस्थाले कृषिप्रधान देशमा पनि दिनानुदिन बढ्दो जनसंख्यालाई धान्न सक्ने उत्पादन हुन सकिरहेको छैन र खाद्यान्नसमेत आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

अर्कोतर्फ कृषि उद्योग, शिक्षा, स्वास्थ्य, सहकारी आदिका लागि भनी हदबन्दी छुट दिने व्यवस्था पनि कानूनले गरेको छ । यस्तो नाममा जग्गा राख्ने तर न त्यसलाई यी प्रयोजनका लागि प्रयोग गर्ने, न खेतीपाति गरिने अवस्थाले पनि थुप्रै जमिन बाँझो रहन गई कृषि उत्पादनमा सोझो असर परिरहेको छ ।

## गर्न के सकिन्छ ?

१) जग्गाको एकिन लगत तयार पार्ने, जसमा हदबन्दी भन्दा बढी जमिन भएकाको प्रष्ट तथ्यांक उतार्ने

२) हदबन्दी लागू गर्दा जमिन लुकाउन सक्ने गरी कार्यक्रम, परिभाषा वा समय केही पनि प्राप्त नहुने व्यवस्था गर्ने, यसका लागि कर्मचारी वर्गसँग सतर्क रहने र गलत मनसाय राख्नेलाई कारबाहीको व्यवस्था गर्ने

३) प्राप्त जग्गा मोही, सुकुम्बासी तथा भूमिहीनलाई वितरण गर्ने

४) उद्योग, शिक्षण संस्था आदि जस्ता हदबन्दी छुट दिइएका जमिनबारे यथार्थ बुझी सम्बन्धित प्रयोजनमा लगाएको नपाइए त्यस्ता जमिन पनि जफत गर्ने

५) हदबन्दी लागू गर्दा चरणबद्धरुपमा नगरी एकै पटक गर्ने, जसका लागि गृहकार्य पूर्ण हुनु जरुरी छ ।

६) नयाँ हदबन्दीको औचित्यका बारेमा व्यापक जनसचेतीकरण (जग्गावालासमेतलाई) गर्ने

७) एक व्यक्ति एक लालपूर्जाका साथै नागरिकतामा लालपूर्जा लिइएको छाप लगाउने र क्रमशः पिन नम्बरको थालनी गर्ने ।

*भूमिको न्यायोचित वितरणका लागि हदबन्दी लागू गरियोस् ।*

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ । यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो । त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन :** ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org